**मिति २०८१/१२/२६ गते मंगलबार, १७१ औं कार्यपालिका बैठक**

**प्रस्तावहरुः**

१. नयाँ वर्षको शुभकामना।
२. अघिल्लो बैठकका निर्णय समीक्षा सम्बन्धमा।
३. आय व्ययको विवरण सम्बन्धमा।
४. आगामी आ.व.को नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम निर्माणका लागि कार्यदल गठन सम्बन्धमा।
५. दाङ सोसाईटी क्लबलाई खेलकुद तथा साँस्कृतिक मेला आयोजना गर्न अनुमति दिने सम्बन्धमा।
६. ठेक्काको म्याद थप सम्बन्धमा। (१२ नं. वडा कार्यालयको भवन निर्माण)
७. सामाजिक सुरक्षा भत्ता वापतको अपुग रकम माग गर्ने सम्बन्धमा।
८. कित्ताकाट सम्बन्धमा।
९. नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा।
१०. सरसफाई व्यवस्थापन समितिका निर्णय अनुमोदन सम्बन्धमा।
११. वारुणयन्त्रमा कार्यरत कर्मचारीहरुको रासन भत्ता सम्बन्धमा।
१२. योजना कार्यान्वयन सम्बन्धमा। (६ नं. वडाको योजना भुलवस ५ नं. वडामा परेको)
१३. ग्राभेल उठाउन अनुमती माग गर्ने सम्बन्धमा। (वडा नं. ३ बबई नदी पुलक्षेत्र)
१४. Wash Plan का लागि योजना प्राथमिकीकरण तथा दस्तावेजहरु पारित गर्ने सम्बन्धमा।
१५. सडक नामाकरण सम्बन्धमा।
१६. सडक मार्किङ गर्ने सम्बन्धमा।
१७. विविध

**निर्णय नं. १**

नयाँ वर्ष २०८२ सालको पावन अवसरमा नगरवासीहरुमा सुख, शान्ति, समृद्धी एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गरियो। साथै आगामी नयाँ वर्षमा हामी सबैमा नयाँ उत्साहका साथ काम गर्ने जागर अझ बढी मिलोस भनि सबैमा शुभकामना व्यक्त गरियो।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको हालसम्मको आय व्ययको विवरण माथि छलफल गरियो। हालसम्म संघ तथा प्रदेश सरकारबाट प्राप्त भएको अनुदान तथा आन्तरिक आयको आधारमा आगामी दिनमा योजना तथा कार्यक्रम प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकाको आगामी आ.व. २०८२/८३को नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम निर्माणका लागि प्रमुख प्रशासकीय अधिकृतज्यूको संयोजकत्वमा तपसिल बमोजिमका सदस्य रहने गरी कार्यदल गठन गर्ने।

**तपसिलः**

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| वित्तीय व्यवस्थापन महाशाखा प्रमुख | -सदस्य |
| आन्तरिक व्यवस्थापन शाखा प्रमुख | -सदस्य |
| राजश्व तथा बजेट व्यवस्थापन शाखा प्रमुख | -सदस्य |
| तथ्याङ्क अधिकृत | -सदस्य |
| सूचना प्रविधि अधिकृत | -सदस्य |
| कम्प्युटर अपरेटर | -सदस्य |
| पूर्वाधार विकास महाशाखा प्रमुख | -सदस्य सचिव |

**निर्णय नं. ५**

दाङ जिल्ला सोसाईटी क्लवले प्रथम दाङ जिल्ला स्तरीय खेलकुद तथा साँस्कृतिक मेला आयोजनाका लागि १४ नं. वडा कार्यालयको च.नं. १६६०, मिति २०८१।१२।०४ गतेको पत्रबाट सिफारिससाथ मेला संचालनको अनुमती प्रदान गरिदिनुहुन भनि अनुरोध भई आएकोले मेला संचालन वापत आयोजक क्लबबाट यस घोराही उपमहानगरपालिकालाई बुझाउनुपर्ने मनोरञ्जन शुल्क, वहाल कर र सरसफाई शुल्क लिई माग भए बमोजिम मिति २०८१।१२।३० गतेदेखि २०८२।०१।१२गतेसम्म वडा नं. १४ झिगौरामा मेला संचालन गर्न अनुमतिका लागि जिल्ला प्रशासन कार्यालय घोराही दाङमा सिफारिस गर्ने।

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिका क्षेत्रभित्र योजना निर्माणका लागि सम्झौता भई सञ्चालित योजना विविध कारणले समयमै सम्पन्न हुन नसकेका कारण योजनाको बोलपत्रदाताबाट म्याद थपका लागि निवेदन प्राप्त गरी व्यहोरा अध्ययन गरी पूर्वाधार विकास महाशाखाबाट पेश भएका ठेक्का यस घोराही उपमहानगरपालिकालाई आर्थिक व्ययभार नपर्ने गरी सार्वजनिक खरिद (तेह्रौ संशोधन) नियमावली २०८०को नियम १२०, १२० क को आदेशअनुसार तपसिल बमोजिमको योजनाको म्याद थप गर्ने।

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/GSMC/07/080/081 | १२ नं. वडा कार्यालयको भवन निर्माण | हाइफू इन्फ्राटेक प्रा.लि. | २०८०।११।२७ | २०८१।१०।१५ | २०८२।०१।१५ |
| २ | NCB/WORKS/GSMC/41/079/080 | वडा नं. १४ गोर्खा अस्पतालदेखि मिलन चोकसम्म फुटपाथ नाला सहित सडक स्तरउन्नती | श्री राना ब्रदर्स कन्स्ट्रक्सन प्रा.लि. | २०८०।०७।२४ | २०८१।०३।३१ | २०८१।१०।२९ पहिलो पटक म्याद थप<br>२०८२।०३।३० दोस्रो पटक म्याद थप |

**निर्णय नं. ७**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट चालु आ.व.२०८१/८२मा यस घोराही उपमहानगरपालिकालाई सामाजिक सुरक्षा भत्ता वितरणको लागि LMBISमा प्राप्त जम्मा रकम रु.५७,४०,१५,०००।— प्राप्त भई पहिलो, दोस्रो र तेस्रो त्रैमासिकसम्म जम्मा रकम रु.४६,२०,२९,३७१।— EFT मार्फत लाभग्राहीको खातामा निकासा भईसकेको, हाल LMBISमा ११,१९,८५,६२८।— मात्र रहेकोमा चौथो त्रैमासिकको लागि आवश्यक अनुमानित रकम १६,९४,८५,६२८।— आवश्यक पर्ने देखिएकोले अनुमानित अपुग हुने रकम रु.५,७५,००,०००।—(पाँच करोड पचहत्तर लाख) थप रकम निकासाका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा लेखि पठाउने निर्णय गरियो।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिका वडा नं. ३ बञ्जारी निवासी रेश्मी चौधरी, विमली चौधरी र हेमन्त कुमार चौधरीको नाममा दर्ता श्रेष्ता भएको साविक हरिद्वार वडा नं. ४क कि.नं. १०९१ को २८७।८० वर्गमिटर क्षेत्रफल मध्येबाट त्यसको एक तिहाई अर्थात ९५।९३ वर्ग मिटर क्षेत्रफल जग्गा जग्गाधनी रेशमी चौधरीले श्री माध्यामिक विद्यालय झिङ्नी बञ्जारीलाई दान गर्ने मनसाय गर्नुभएकोले कित्ताकाटका लागि विद्यालयको च.नं. ८०, मिति२०८१।१२।११ गतेको पत्रबाट अनुरोध भई आएको हुँदा घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ अनुसार विद्यालयले प्रयोग गरिरहेको जग्गामा प्लट मिलान हुने गरी कित्ताकाटका लागि सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय ९**

**९.१** घोराही उपमहानगरपालिका भित्र संचालनमा रहेका तपसिल बमोजिमका सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई कक्षा थप तथा तह थपको अनुमती दिने नगर शिक्षा समितिको मिति २०८१।१२।२५ गते बसेको बैठकको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**तपसिलः**

| सि.नं. | विद्यालयको नाम | ठेगाना | कक्षा थप | तह थप | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्राथमिक विद्यालय क्वाडी | वडा नं. १७ | ५ | | सामुदायिक |
| २ | मदरसा दारुलहुदा अलसलफिया मा.वि. | वडा नं. १४ | १० | | सामुदायिक |
| ३ | बालमन्दिर प्राथमिक विद्यालय | वडा नं. १४ | | ६ | सामुदायिक |
| ४ | माता पवित्रादेवी सांगवेद संस्कृत मा.वि. | वडा नं. ७ | १० | | सामुदायिक |
| ५ | सभ्यता पाठशाला | वडा नं. १५ | ७ | | संस्थागत |
| ६ | हिमचुली स्कुल | वडा नं. १६ | ४ | | संस्थागत |
| ७ | फ्रन्डसिप इङलिस बोर्डिङ स्कुल | वडा नं. ११ | ५ | | संस्थागत |
| ८ | स्कलरल्याण्ड बोर्डिङ स्कुल | वडा नं. ६ | ८ | | संस्थागत |
| ९ | एप्पल एकेडेमी | वडा नं. १० | ३ | | संस्थागत |
| १० | ग्लोबल एकेडेमी | वडा नं. ७ | | ९ | संस्थागत |
| ११ | हेरिटेज प्राइमरी स्कुल | वडा नं. १४ | ४ | | संस्थागत |
| १२ | सिद्ध एकडेमी | वडा नं. १७ | ३ | | संस्थागत |
| १३ | राजविद्या पाठशाला | वडा नं. १८ | १० | | संस्थागत |
| १४ | कोपिला मन्टेश्वरी | वडा नं. १५ | पूर्व प्राथमिक कक्षा | | संस्थागत |
| १५ | अर्किड इडेन एकेडेमी | वडा नं. १३ | | ९ | संस्थागत |
| १६ | बहुआयामिक शिक्षा सदन प्रा.लि. | वडा नं. ६ | ८ | | संस्थागत |
| १७ | शुभ सन्देश शिक्षा सदन | वडा नं.१५ | १० | | संस्थागत |
| १८ | युरो किड्स घोराही प्रा.लि. | वडा नं. १५ | ३ | | संस्थागत |
| १९ | शुभतारा एजुकेशन एकेडेमी | वडा नं. १० | ८ | | संस्थागत |

**९.२** घोराही उपमहानगरपालिकाको शिक्षा नियमावली २०७६ को अनुसूची २ को ठ मा भएको व्यवस्था हटाई देहाय बमोजिम राख्ने निर्णय गरियो।

**देहायः**

सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया २० जना र संस्थागत विद्यालयमा विद्यालय स्थापनाको लागि विद्यालयले गरेको लगानी विद्यालयले प्राप्त गरेको पूर्वाधार समेतलाई मूल आधार बनाई अनुमती दिन सकिनेछ।

**निर्णय नं. १०**

घोराही उपमहानगरपालिकाको वातावरण तथा विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन मिति २०८१।०८।२१ गते बसेको बैठकको निर्णय अनुमोदन गर्ने।

**१०.१** घोराही उपमहानगरपालिका वडा नं. १६ करौतीडाँडा भित्र रहेका घाँसपात फलफुल र ल्याण्डफिल्ड साइटको नगल्ने फोहर ठेक्का दिन सूचना प्रकाशन गर्ने ।

**१०.२** घोराही उपमहानगरपालिका सरसफाई व्यवस्थापन शाखाबाट दिसाजन्य लेदो व्यवस्थापन गर्ने कार्य हुँदै आएकोमा उक्त कार्य निजि क्षेत्रको सहकार्यमा समेत गर्न नियमानुसार सूचना प्रकाशन गर्ने।

**निर्णय नं. ११**

घोराही उपमहानगरपालिकाको वारुणयन्त्रमा कार्यरत कर्मचारीहरुलाई रासन भत्ता वापत मासिक रु.५,०००।— उपलब्ध गराइदै आएकोमा २ जना कर्मचारी( १ जना ड्राइभर र १ जना फायर म्यान) थप भएकोमा उहाँहरुलाई समेत रासन भत्ता उपलब्ध गराउने। साथै आगामी आ.व. ०८२/०८३देखि लागु हुने गरी हाल उपलब्ध गराइएको रासन भत्तामा १० प्रतिशत वृद्धि गरी मासिक रकम रु.५,५००।- उपलब्ध गराउने ।

**तपशिल**

१. जित बहादुर चौधरी, ड्राइभर
२. राजु चौधरी, ड्राइभर
३. मान बहादुर पुन, फायर म्यान
४. चन्द्र कुमार चौधरी, फायर म्यान
५. देव बहादुर चौधरी, फायर म्यान
६. फुन बहादुर भण्डारी, फायर म्यान
७. पवन चौधरी, फायर म्यान

**निर्णय नं. १२**

घोराही उपमहानगरपालिका वडा नं. ६ थारु नमुना टोल पक्वैको अधुरो सामुदायिक भवन निर्माण (बजेट किताबको सि.नं. १११५ मा रहेको) कार्यका लागि चालु आ.व.मा बजेट विनियोजन भई सम्झौता भई योजना कार्यान्वयन समेत भई सकेको अवस्थामा उक्त योजना भुलवस Sutra इन्ट्रि गर्दा वडा नं. ५ मा इन्ट्रि भएता पनि योजना वडा नं. ६को भएकोले त्रुटी सच्चाइ भुक्तानी दिन आर्थिक प्रशासन शाखालाई अनुमती दिने।

**निर्णय नं. १३**

घोराही उपमहानगरपालिका वडा नं. ३ बबई नदी को पक्की पुलको उत्तरतिरको १५० मिटर दुरी क्षेत्र भित्र नदिजन्य पदार्थ थुप्रिएर रहेको उक्त थुप्रिएर रहेको नदीजन्य पदार्थको कारण वर्षाको समयमा वरपरको जमिन कटान गरी खेतहरुमा नोक्सान पुऱ्याउन सक्ने सम्भावना समेत रहेकोले उक्त क्षेत्रबाट २८५० घन मिटर परिमाणमा नदीजन्य पदार्थ उठाउदा नदी छेउछाउको जग्गा संरक्षण समेत हुने भनि प्राविधिकबाट तयार भएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको परिमाणमा नदीजन्य पदार्थ उठाउन अनुमती प्रदान गर्नका लागि जिल्ला विपद व्यवस्थापन समिति दाङमा अनुरोध गर्ने।

**निर्णय नं. १४**

१४.१ घोराही उपमहानगरपालिकाको वास प्लान निर्माणका लागि योजना प्राथमिकिकरण गरी प्रदेश सरकार शहरी विकास तथा खानेपानी मन्त्रालयमा पठाउने। साथै वास प्लान निर्माणका लागि आवश्यक तपसिल बमोजिमका दस्तावेजहरु पारित गर्ने।

**तपसिलः**

१. सुरक्षित खानेपानी युक्त समुदाय घोषणा निर्देशिका २०८१
२. खानेपानी, सरसफाइ तथा स्वच्छता सूचना व्यवस्थापन प्रणाली (WASH MIS)मार्गदर्शन २०८१
३. खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको कानून २०८१
४. खुल्ला दिसामुक्त अवस्थाको दिगोपन सम्बन्धी कार्यबिधि २०८१
५. खानेपानी गुणस्तर अनुगमन कार्यविधि २०८१
६. हात स्वच्छता सम्बन्धी कार्यविधि २०८१

**१४.२** तपसिल बमोजिमका कार्यविधिहरु आगामी कार्यपालिका बैठकबाट पारित हुने गरी पेश गरियो।

१. घोराही उपमहानगरपालिकाको खानेपानी सरसफाई व्यवस्थापन कार्यविधि २०८१
२. तलाउ संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

**निर्णय नं. १५**

घोराही उपमहानगरपालिका वडा नं. ७ बेसाही कृष्ण कुमार चौधरीको घरदेखि पियालाल चौधरी, नहकुल शाह, सेनराज शाहको घर, कोटटे ठुम्काहुँदै वडा नं. ८ सौरी जोडने सडकको नाम सेनराज शाह मार्ग नामाकरणका लागी घोराही उपमहानगरपालिका वडा नं. ७ बेसाही टोल विकास संस्थाको मिति २०८१।१२।२४को निर्णय र ७ नं. वडा कार्यालयको च.नं. १५७६, मिति २०८१।१२।२५ गतेको सिफारिस साथ अनुरोध भई आएकोले माग भए बमोजिमको सडक नामाकरण गर्ने।

**निर्णय नं. १६**

घोराही उपमहानगरपालिकाका निर्माण सम्पन्न तपसिल बमोजिमका सडकहरुमा सडक लाइनिङ तथा मार्किङ गर्ने र सोको खर्च भुक्तानी घोराही उपमहानगरपालिकाको निर्मित सार्वजनिक सम्पत्तीको मर्मत सम्भार खर्च शीर्षकबाट दिने।

१. नेपाल बैंकदेखि शहिद गेट, जिल्ला अदालतहुँदै जिल्ला प्रशासनसम्मको सडक।

२. घोराही चोकदेखि गुलरियासम्मको सडक।

३. दिपशिखा चोकदेखि गुरुकुलसम्मको सडक।

४. ध्रुव कुमार श्रेष्ठको घरदेखि पाठकचोकसम्मको सडक।

५. रझेना चोकदेखि आर्मी व्यारेक तिनकुनेसम्मको सडक।

६. भरतपुर उकालोदेखि भिङ्ग्रेली चोकसम्मको सडक।

७. गोर्खा अस्पतालबाट मिलन चोकसम्मको सडक।

**निर्णय नं. १७**

**१७.१** विभिन्न कर्मचारी संगठनहरुबाट भित्तेपात्रो प्रकाशनका लागि आर्थिक सहयोग माग भई आएको तपसिल बमोजिमका संगठनहरुलाई घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट खर्च हुने सहयोग रकम उपलब्ध गराउने।

१. नेपाल निजामती कर्मचारी संगठन, लुम्बिनी प्रदेश कार्यसमिति, लुम्बिनी प्रदेश। रु.१५,०००।-

२. नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति, दाङ। रु.१०,०००।-

३. नेपाल निजामती कर्मचारी युनियन, जिल्ला कार्य समिति, दाङ। रु.१०,०००।—

**१७.२** घोराही व्याडमिन्टन क्लब घोराही १४ लाई घोराही कप खुला पुरुष डबल्स व्याडमिन्टनन प्रतियोगिता संचालनका लागि घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट खर्च हुनेगरी खर्च भएको विल भर्पाईको आधारमा सम्बन्धीत पार्टीलाई अधिकतम रकम रु.५०,०००।—सम्म भुक्तानी दिने।

**१७.३** घोराही उपमहानगरपालिकाका तपसिल बमोजिमका विभिन्न वडामा बस्ने नागरिकहरुको मृत्यु भएको, मृतकको परिवारको आर्थिक अवस्था निकै कमजोर रहेकोले किरिया खर्चका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि सम्बन्धीत वडाबाट सिफारिस समेत प्राप्त भएकोले मृतकका परिवारलाई प्रतिपरिवार सहयोग स्वरुप रकम रु.१०,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**तपसिलः**

१. विमल नेपाली, घोराही उपमहानगरपालिका वडा नं. १४

२. पट्वारी चौधरी, घोराही उपमहानगरपालिका वडा नं. ६

३. सीता खनाल, घोराही उपमहानगरपालिका वडा नं. १७

**१७.४** घोराही उपमहानगरपालिका वडा नं. ११ बस्ने गोविन्द बस्नेतको छोरा विनोद बस्नेत मिति २०८१।१२।०९ गते मोटरसाइकल दुर्घटनामा परी गम्भिर घाइते हुनुभएको, उहाँको परिवारको आर्थिक अवस्था कमजोर भई उपचारमा समस्या भएकाले आर्थिक सहायताका लागि ११ नं. वडा कार्यालयको च.नं. १६४९, मिति २०८१।१२।१० गतेको पत्रबाट सिफारिससाथ अनुरोध भई आएकोले उपचारमा भएको खर्चको विल अनुसार अधिकतम रकम रु.१०,०००।सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट खर्च हुने गरी भुक्तानी दिने।

**१७.५** घोराही उपमहानगरपालिका वडा नं. १९ बस्ने बम बहादुर खड्काले आफ्नो आर्थिक अवस्था निकै कमजोर रहेकोले उपचार खर्चका लागि आर्थिक सहयोग माग गर्नुभएकोले उहाँलाई उपचारमा भएको खर्चको विल अनुसार अधिकतम रकम रु.१०,०००।—सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने।

**१७.६** घोराही उपमहानगरपालिका वडा नं. १३ स्थित सुनगाभा टोल विकास संस्थाको भवनको झ्याल ढोला निर्माण तथा रंगरोगनका लागि १३ नं. वडा कार्यालयको च.नं. २३८२, मिति २०८१।१२।१२ गतेको पत्रबाट आवश्यक बजेटको व्यवस्था गरिदिनुहुन भनि अनुरोध भई आएकोले माग भए बमोजिमको कार्यका लागि प्राविधिकबाट लागत अनुमान तयार गरी अधिकतम रकम रु. ५०,०००।—सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट खर्च हुने गरी भुक्तानी दिने।

**१७.७** घोराही उपमहानगरपालिका वडा नं. १३ स्थित श्री सिद्धेश्वर महादेव पञ्चाङ्ग मन्दिरमा शौचालय निर्माणका लागि प्राविधिक लागत इस्टिमेट तयार गरी अधिकतम रकम रु.१,००,०००।—(एक लाख)सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता  शीर्षकबाट भुक्तानी दिने।

**१७.८** नेपाल उत्पीडित मुक्ति समाज जिल्ला कमिटी दाङलाई  जिल्ला अधिवेशन संचालनका लागि सहयोग स्वरुप रकम रु. ४०,०००।—सम्म खर्च भएको विल अनुसार सम्बन्धीत पार्टीलाई घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने।

**१७.९** पतंजलि योग समिति लुम्बिनी प्रदेशलाई प्रदेश स्तरीय योग शिक्षक प्रशिक्षण क्षमता अभिवृद्धी तालिम कार्यक्रमका लागि आर्थिक सहयोग माग भई आएकोले पतंजली योग समिति लुम्बीनी प्रदेशलाई तालिम कार्यक्रममा भएको खर्चको विल अनुसार अधिकत रकम रु.२०,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१७.१०** आ.व. २०८०/८१का लागि नगरसभाको १३औं अधिवेशनबाट पारित तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु गत आ.व.मा सम्पन्न भई भुक्तानीका लागि आर्थिक प्रशासन शाखामा पेश हुन छुट केही योजना तथा कार्यक्रमहरुको भुक्तानी चालु आ.व.२०८१/८२मा विनियोजित तथा नगरसभाको १६औं अधिवेशनबाट रकमान्तर गरि विनियोजन गरिएको शीर्षकबाट भुक्तानी दिन आर्थिक प्रशासन शाखालाई अनुमती दिने।

**तपसिलः**

| **सि.नं.** | **वडा** | **योजना तथा कार्यक्रम** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|
| १ | | थारुभाषाको कक्षा १ को पाठ्यपुस्तक छपाई (भुक्तानी बाँकी) | १०० | शिक्षा |
| २ | १२ | मा.वि रतनपुरमा फर्निचर खरिद (गत आ.व.को भुक्तानी बाँकी) | ३०० | शिक्षा |
| ३ | १२ | श्री आधाभुत विद्यालय हापुर गुर्जेको अधुरो भवन मर्मत तथा खानेपानी तथा शौचालय निर्माण (गत आ.व.को भुक्तानी बाँकी) | २०० | शिक्षा |
| ४ | १२ | श्री गुराँस प्राथमिक विद्यालय गुरौं पूर्वाधार मर्मत (गत आ.व.को भुक्तानी बाँकी) | १०० | शिक्षा |
| ५ | ५ | आ.व.०८०/०८१ को बालमैत्री कार्यक्रम रकम (भुक्तानी दिन बाँकी) | ७५ | वडा |

**१७.११** घोराही उपमहानगरपालिकाका वडा नं. १९ का निवर्तमान वडा अध्यक्ष श्री हर्क बहादुर घर्ति बिरामी भै स्वास्थ्य उपचार गराइरहनुभएकाले उहाँको शिर्घ स्वास्थ्य लाभको कामना गरियो।